सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०७७ बैशाख-असार

# सम्पादित प्रमुख क्रियाकलापको विवरण



गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व.२०७६/०७७ (२०७७ बैशाखदेखि असारसम्म)

### १.कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानको मर्मअनुरुप संघीयताको अभ्यासलाई मूर्त बनाउन जनताको अपेक्षा बमोजिम प्रदेश शासन सञ्चालन गरी प्रदेशका नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र समृद्धिको अपेक्षा पूरा गर्न गण्डकी प्रदेश सरकार दृढ संकल्पका साथ अगाडि बढी रहेको छ। प्रदेशको अधिकार सूची अनुसारका जिम्मेवारी पूरा गर्न मुख्यमन्त्रीको नेतृत्वमा २०७४/११/०४ गतेदेखि यस प्रदेशको मन्त्रिपरिषद्को गठन भई सञ्चालनमा आएको छ। प्रदेश सरकार, मन्त्रिपरिषद् बाट स्वीकृत कार्य विभाजन नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

**क) दूरदृष्टीः**

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

**ख) उद्देश्यः**

- प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाई प्रदेशको विकास र समृद्धि हासिल गर्ने।
- प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाई शासकीय सबलीकरण गर्ने।

**ग) रणनीतिः**

- अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।
- प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमनतथा मूल्याङ्कन र नियन्त्रण गर्ने।

- मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने।
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

## २. कार्यक्षेत्रः


प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन् :

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।
- प्रदेशसरकारको कार्यविभाजन तथा कार्यसञ्चालन गर्ने।
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने।
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।

- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा गर्ने।

## ३. निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरणः

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको संगठन संरचना



## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख सचिव | प्रशासन | | रा.प.विशिष्ट | १ | |
| २. | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | २ | |
| ३. | प्रदेश सचिव | न्याय | कानून | रा.प.प्रथम | १ | |
| ४. | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वितीय | ७ | |
| ५. | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | |
| ६. | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | रा.प.तृतीय | ८ | |
| ७. | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | |
| ८. | कम्प्युटर अधिकृत | विविध | | रा.प.तृतीय | १ | |
| ९. | नायब सुब्बा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.प्रथम | १२ | |
| १०. | कम्प्युटर अपरेटर | विविध | | रा.प.अनं.प्रथम | ४ | |
| ११. | सह लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय | १ | |
| १२. | हलुका सवारी चालक | | | श्रेणीविहीन | ६ | |
| १३. | कार्यालय सहयोगी | | | श्रेणीविहीन | ७ | |
| | **जम्मा** | | | | **५२** | |

### ४. निकायबाट सम्पादन हुने कार्यहरूः

- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्ने गराउने।
- संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।
- प्रदेश सरकार र मातहत निकायबाट कार्यजिम्मेवारी अनुसारका नीति, कार्यक्रम तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनको व्यवस्था मिलाउने।
- प्रदेश सरकार र मातहत निकायबाट सम्पादित कार्यहरूको अनुगमन, मुल्याङ्कन तथा निर्देशन गर्ने।
- प्रदेश सरकारका संगठन तथा जनशक्ति व्यवस्थापन गर्ने।
- संविधान तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार कार्यालयको कार्यजिम्मेवारीका कार्यहरू गर्ने।

### ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

| क्र.सं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | माननीय मुख्यमन्त्रीज्यूको सचिवालय | श्री डिल्लीराम सिग्देल | उप-सचिव | |
| | | श्री विष्णुदेवी पोखरेल | अधिकृत छैटौं | |
| | | श्री लक्ष्मी प्रसाद पोखेल | अधिकृत छैटौं (कम्प्युटर) | |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रमुख सचिवज्यूको सचिवालय | श्री अशोक गौतम | शाखा अधिकृत | |
| | | श्री तुलसीदेवी आचार्य | सहायक पाँचौ | |
| ३ | बैठक तथा प्रशासन महाशाखा | श्री गणेश प्रसाद पाण्डेय | प्रदेश सचिव | |
| | | श्री राजेश पौडेल | अधिकृत छैटौं | |
| ४ | कानून तथा संवैधानिक मामिला महाशाखा | श्री दल बहादुर अधिकारी | प्रदेश सचिव(कानून) | |
| ५ | प्रशासन तथा बैठक शाखा | श्री झलकराम सुवेदी | उप-सचिव | |
| | | श्री विष्णु प्रकाश आचार्य | शाखा अधिकृत | |
| | | श्री नन्दलाल पौड्याल | शाखा अधिकृत | |
| | | श्री राम बहादुर मगरती | लेखा अधिकृत | |
| | | श्री रमाकान्त ढकाल | अधिकृत छैटौं | |
| | | श्री महेशराज पौडेल | अधिकृत छैटौं | |
| | | श्री राममणि ढुङ्गाना | अधिकृत छैटौं | |
| | | श्री तोयनाथ आचार्य | अधिकृत छैटौं | |
| | | श्री सन्तोष देवकोटा | अधिकृत छैटौं(कम्प्युटर) | |
| | | श्री जनक राना | अधिकृत छैटौं(कम्प्युटर) | |
| | | श्री गायत्री अधिकारी लामिछाने | सहायक पाँचौ | |
| | | श्री सज्जन भुर्तेल | सहायक पाँचौ(कम्प्युटर) | |
| | | श्री विद्याधर पौडेल | सहायक चौथो(लेखा) | |
| ६ | सूचना तथा सञ्चार समन्वय शाखा | श्री मिलन बहादुर के.सी. | कम्प्युटर अधिकृत आठौं | |
| | | श्री धर्मराज पण्डित | अधिकृत छैटौं | |
| | | श्री भिमप्रसाद पाध्याय | अधिकृत छैटौं | |
| ७ | योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | श्री कृष्ण प्रसाद आचार्य | अधिकृत नवौं | |
| | | श्री रामप्रसाद पौडेल | शाखा अधिकृत | |
| | | श्री प्रभु सिग्देल | शाखा अधिकृत | |
| ८ | आर्थिक तथा पूर्वाधार शाखा | श्री मिता कुमारी थापा | शाखा अधिकृत | |
| ९ | शासकीय सुधार तथा सञ्चार शाखा | श्री ज्ञानराज पाण्डे | उपसचिव | |

| | | | | |
|---|---|---|---|---|
| | | श्री शिला बराल सापकोटा | शाखा अधिकृत | |
| | | श्री गम बहादुर के.सी. | अधिकृत छैटौं | |
| १० | मानव अधिकार तथा संवैधानिक मामिला शाखा | श्री विकाश थापा मगर | शाखा अधिकृत | |
| | | श्री श्रीप्रकाश रेग्मी | अधिकृत छैटौं | |

**६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**८. निर्णय उपर उजूरी सुन्ने अधिकारीः**

क) उजूरी सुन्ने अधिकारी - श्री हरिप्रसाद बस्याल, प्रमुख सचिव

ख) गुनासो सुन्ने अधिकारी - श्री झलकराम सुवेदी, उप-सचिव

**९. सम्पादन गरेको कामको विवरण (आर्थिक वर्ष २०७६/७७ सम्ममा):**

**(क) बैठक तथा प्रशासन महाशाखा**

- प्रदेश सरकार मातहत कर्मचारी दरबन्दी संख्या-२८१२, पदपूर्ति-२०३४ र रिक्त-७७८ रहेको।
- गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को ३८ वटा बैठक बसी विभिन्न विषयमा २४५ वटा निर्णय भएको।
- गण्डकी प्रदेश सरकारबाट ८० वटा नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा संशोधन स्वीकृत भएको।
- १३ वटा विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिइएको।
- २७ वटा विषयका सम्बन्धमा नेपाल सरकारमा अनुरोध गरी पठाइएको।

**(ख) शासकीय सुधार तथा समन्वय महाशाखा**

- सेवा प्रवाह तथा विकास आयोजनाको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र मूल्याङ्कन गर्ने आधुनिक प्रविधियुक्त विशेष कक्षको (एक्सन रुम) स्तरोन्नति गरिएको।
- प्रदेश सरकारका सबै मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजनाको प्रगति अनुगमन गर्न विद्युतीय अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको।
- प्रदेश सरकारबाट सञ्चालित विकास आयोजना तथा कार्यक्रमको नाम, ठेगाना र रकम सहितको विवरण प्रदेशस्थित विभिन्न २८ वटा एफ. एम रेडियोबाट प्रसारण गरिएको ।

- प्रदेश सरकारको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम तथा उपलब्धिका बारेमा जनतालाई प्रत्यक्ष रुपमा जानकारी गराउने तथा जनताबाट पृष्ठपोषण लिने उद्देश्यले जनतासँग मुख्यमन्त्री कार्यक्रम पाक्षिक रुपमा सञ्चालन गरिएको।
- जनताका गुनासा तथा सुझाव प्रत्यक्ष रुपमा सुनी सम्बोधन गर्ने उद्देश्यले सञ्चालित हेलो मुख्यमन्त्री कक्षमा प्राप्त १४३ गुनासोहरु मध्ये १२८ गुनासोहरु फछ्यौंट भई १५ गुनासोहरु फछ्यौंटको क्रममा रहेका।

➢ **PLGSP कार्यक्रम अन्तर्गतः-**

- प्रदेश सरकारबाट प्रवाह हुने सबै सेवाहरुको एकीकृत जानकारी पुस्तिका प्रकाशन गरिएको।
- प्रदेश सरकारका मुख्य उपलब्धिहरुको विवरण प्रकाशन गरिएको।
- प्रदेशस्तरीय तथ्याङ्क वेब पोर्टल निर्माण गरिएको।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्देशिका तर्जुमा गरिएको।
- सामाजिक विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको लैङ्गिकमैत्री बजेट अडिट (GESI AUDIT) गरिएको।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सार्वजनिक परिक्षण सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरिएको।
- प्रदेशका ८५ वटै स्थानीय तहलाई कोभिड संवेदनशील योजना तर्जुमा सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको।

**(ग) कानून तथा संवैधानिक मामिला महाशाखा**

- प्रदेश सरकार सञ्चालन गर्न आवश्यक पर्ने विभिन्न विधेयक, नियमावली, कार्यविधि र मापदण्ड मस्यौदा गरिएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई विपक्षी बनाई सम्मानित सर्वोच्च र उच्च अदालतमा दायर भएका विभिन्न ११ मुद्दामा लिखित जवाफ पठाइएको र गण्डकी प्रदेश सरकार मातहतका अन्य सरकारी निकायलाई विपक्षी बनाई दायर भएका मुद्दाको लिखित जवाफ तयार गर्न सहजीकरण गरिएको ।
- सरकारी कामको सिलसिलामा आवश्यकता अनुसार कानूनी राय परामर्श उपलब्ध गराइएको।

➢ **प्रदेश सभामा पेश गर्न मन्त्रिपरिषदबाट स्वीकृत भएका विधेयकः-**

- गण्डकी विश्वविद्यालय सम्बन्धी विधेयक
- प्रदेश सुशासन विधेयक
- आर्थिक विधेयक

- विनियोजन विधेयक
- पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक
- प्रदेश वातावरण संरक्षण विधेयक
- प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान विधेयक
- प्रदेश प्रज्ञा प्रतिष्ठान विधेयक
- प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान विधेयक
- गाउँ सभा, नगरसभा तथा जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्बन्धी विधेयक
- प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक तथा सुविधा सम्बन्धी विधेयक
- प्रदेश विकास समिति सम्बन्धी विधेयक
- गण्डकी प्रदेश विकास प्राधिकरण सम्बन्धी विधेयक

➢ **देहायका नियमावली/कार्यविधि/निर्देशिका जारी गरिएको:-**

- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम(सञ्चालन कार्यविधि) नियमावली, २०७६
- नमूना कार्यालय मापदण्ड, २०७६
- अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७६
- सार्वजनिक निकायको औपचारिक बैठक तथा समारोह सञ्चालन निर्देशिका, २०७६,
- बिदा पर्यटन कार्यविधि, २०७६
- कोरोना भाइरस रोग (COVID–19) रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७६
- कोरोना भाइरस संक्रमण (COVID -19) को रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिका लागि जोखिम भत्ता र बिमा व्यवस्थापन कार्यविधि, २०७७ आदि।
- मस्यौदा गरिएका विधेयक तथा नियमावलीहरु
- प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली
- प्रदेश सुशासन नियमावली
- प्रदेश लोक सेवा आयोग नियमावली

**(घ) अन्य कार्यक्रमहरुः**

- प्रदेश सभा सदस्यलाई आफ्नो निर्वाचन क्षेत्रका पूर्वाधार विकासका कार्यक्रममा सहभागी गराउने उद्देश्यले गत आर्थिक वर्षबाट प्रदेश सभाका सबै निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई एकमुष्ठ रु ७२ करोड निकासा गरिएको।

- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा कर्मचारीलाई प्रोत्साहन गर्न १६२ जना कर्मचारीलाई विदा पर्यटनमा पठाइएको।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्त गरी सञ्चालनमा ल्याइएको।
- प्रदेश समन्वय परिषद सहजीकरण समितिको बैठक र प्रदेश समन्वय परिषद बैठक सम्पन्न गरिएको।
- गण्डकी प्रदेश सरकारका मन्त्रालयद्वारा सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा नियमित रुपमा गरी समस्या समाधान गर्न आवश्यक सहजीकरण गरिएको ।
- ७२ वटा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम तथा २७३ होमस्टेको यस कार्यालयको प्रतिनिधि र सम्बन्धित मन्त्रालयको संयुक्त टोलीबाट स्थलगत अनुगमन गरिएको।
- सो अनुगमन प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू र सम्बन्धित मन्त्रिज्यूको उपस्थितिमा प्रस्तुत गरी सम्बन्धित मन्त्रालयलाई सुधारका लागि आवश्यक लिखित निर्देशन दिइएको।
- प्रदेश सरकार गठन भएको दुई बर्षमा श्रव्य दृश्य सामग्री र दुई वर्ष नामक पुस्तिका प्रकाशन गरिएको।

**(ङ) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्यः**

- प्रदेश सरकारका मुख्यमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय निर्देशक समिति र प्रदेशस्तरीय COVID-19 Crisis Management Center स्थापना गरिएको।
- कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार कोष" खडा गरी प्रदेश सरकारको तर्फबाट ३० करोड रूपैयाँ जम्मा गरिएको।
- स्थानीय तहलाई ६ करोड ५० लाख रुपैयाँ उपलब्ध गराई राहत वितरणको व्यवस्था गरिएको।
- प्रदेशभित्रका सबै जिल्लाका ११ सरकारी अस्पतालमा दुई देखि पाँच शय्या क्षमताका आइसियु कक्ष निर्माण कार्य अगाडि बढाइएको।
- सबै स्वास्थ्य संस्था र सुरक्षा निकायलाई नियमित रुपमा समन्वय (स्थलगत निरीक्षण र विशेष कक्षबाट) गरी परिचालन गरिएको।
- नेपाल सरकार र स्थानीय तहका विभिन्न पदाधिकारीहरुसँग विशेष कक्षबाट नियमित सम्वाद र समन्वय गरिएको, आदि।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

क) कार्यालय प्रमुख - श्री हरिप्रसाद बस्याल, प्रमुख सचिव

ख) सूचना अधिकारी - श्री विकाश थापा मगर, शाखा अधिकृत

## ११. ऐनहरूको सूचीः

- प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४
- मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४
- स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- प्रदेश नं.४, प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७५
- कर तथा गैर-कर राजश्व ऐन, २०७५
- आर्थिक ऐन, २०७५
- विनियोजन ऐन, २०७५
- प्रदेश आकस्मिक कोष ऐन, २०७५
- स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५
- खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
- प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५
- केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५
- सहकारी ऐन, २०७५
- बर, पिपल, समि र चौतारी संरक्षण ऐन, २०७५
- प्रदेश विनियोजन ऐन, २०७५
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
- ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६
- आर्थिक ऐन, २०७६
- विनियोजन ऐन, २०७६
- प्रदेश लोकसेवा आयोग ऐन, २०७६
- प्रदेश सुशासन ऐन, २०७६
- गण्डकी विश्वविद्यालय ऐन, २०७६
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६
- प्रदेश वातावरण संरक्षण ऐन, २०७६
- गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६

- गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६
- प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६
- विनियोजन ऐन, २०७७
- आर्थिक ऐन, २०७७

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आर्थिक वर्ष २०७६/७७ को अन्तिम त्रैमासिकसम्मको (२०७७ असारसम्मको) बजेट खर्चको विवरण

| शीर्षक | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| चालुगत | ४२,९३,६४,००० | १३,८५,९३,७७३.१० | ३२.२८% |
| पुँजीगत | ८०,९६,५०,००० | ७२,२५,१७,५४७.०० | ८९.२४% |
| **जम्मा** | **१,२३,९०,१४,०००** | **८६,११,११,३२०.१०** | **६९.५०%** |

## १३. तोकिए बमोजिमका अन्य विवरणः

- प्रदेशस्तरका कार्यक्रम सञ्चालनका लागि आवश्यक कानून, नियम, नीति, कार्यविधि, मापदण्ड आदि तर्जुमालाई प्राथमिकता दिइएको।
- प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरू वेबसाइटमा नियमित प्रकाशन गरिएको।